# विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासमा प्रगतिशीलता

**खोपीराम वली क्षेत्री (पिएच्. डी.)**
मध्यपश्चिम विश्वविद्यालय, वागेश्वरी बहुमुखी क्याम्पस, कोहलपुर, बाँके ।
Olikr3883@gmail.com

Received Date : Dec. 12, 2025 Reviewed Date : Jan. 03, 2026 Accepted Date : Feb. 07, 2026

***सारसङ्क्षेप***

*प्रस्तुत अनुसन्धानात्मक लेखको शीर्षक विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासमा प्रगतिशीलता रहेको छ । यो अनुसन्धानको मूल समस्या तीन घुम्ती उपन्यासमा प्रगतिशीलताको केकस्तो स्वरूप छ भन्ने रहेको छ । यो अनुसन्धान कार्यको उद्देश्य तीन घुम्ती उपन्यासमा प्रगतिशीलताको स्वरूप केकस्तो छ भन्ने विषय पहिचान गरी विश्लेषण गर्नु रहेको छ । कोइरालाका छवटा उपन्यासमध्ये उद्देश्यमूलक नमुना छनोट विधिबाट तीन घुम्तीको छनोट र तीन घुम्तीलाई पनि अन्य दृष्टिकोणबाट नभएर प्रगतीशिलाताका आधारमा विश्लेषण गर्ने गरी छनोट गरिएको छ । प्राथमिक स्रोतका रूपमा तीन घुम्ती उपन्यास र द्वितीयक स्रोतका रूपमा कोइरालाका बारे यस पूर्व गरिएका अध्ययन र प्रगतिवादी सिद्धान्त, प्रगतिशील विचारसँग सम्बन्धित सिद्धान्तका पुस्तकहरूलाई आधार मानेर पुस्तकालय कार्यबाट तथ्य सङ्कलन गरिएको छ । तीन घुम्ती उपन्यासलाई प्रगतिशील विचारधाराका आधारमा अध्ययन र अनुसन्धान नगरेको पूर्वकार्यबाट पहिचान गरी तीन घुम्ती उपन्यासमा प्रगतिशीलताको स्वरूप केकस्तो छ भन्ने अनुसन्धान अन्तरालको पहिचान गरी यसैमा केन्द्रित भएर यो अनुसन्धान कार्य अगाडि बढाइएको छ । तीन घुम्तीमा प्रयुक्त वाक्यांश, व्यक्त विचार र घटनाहरूलाई साक्ष्यका रूपमा अगाडि राखेर त्यसै आधारमा प्रगतिशीलताको खोजी गरी आगमनात्मक विधि अवलम्बन गरी गुणात्मक ढाँचामा खुला अन्त्यमूलक निष्कर्ष निकालिएको छ । इन्द्रमायाले जात र वर्गको विरोध गरी पीताम्बरसँग विवाह गर्नु, पीताम्बर शोषक र सामन्ती राज्य व्यवस्थाका विरुद्ध लड्नु र जेल जानु, इन्द्रमायाले पीताम्बरसँग विद्रोह गरेर छोरीलाई रोजेर घर त्याग गर्नु आदि घटनाहरू प्रगतिशीलताको द्योतक हो भनेर विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उपन्यासमा व्यक्त कथानक र विचारको वस्तुगत विश्लेषण गर्दा तीन घुम्तीमा प्रगतिशील चिन्तन रहेको नवीन तथ्य अध्येता तथा पाठकका लागि उपयोगी रहेको छ ।*

***शब्दकुञ्जिका :*** *प्रगतिवाद, प्रगतिशीलता, द्वन्द्वात्मक भौतिकवाद, यौन मनोविज्ञान, एकनिष्ठ यौन*

## विषय परिचय

विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यमा विशेषत: आख्यान विधामा सशक्त कलम चलाएका आख्यानकार हुन् । कोइरालाका तीन घुम्ती, नरेन्द्र दाइ, मोदिआइन, हिटलर र यहुदी, बाबु, आमा र छोरा गरी छवटा उपन्यास प्रकाशित छन् । छ उपन्यासमध्ये तीन घुम्ती उपन्यास अन्य उपन्यासभन्दा पृथक् छ । नेपाली आख्यान साहित्यमा यौन मनोविज्ञानलाई सर्वप्रथम प्रयोग गरेका कोइराला बहुआयामिक व्यक्ति हुन् । उनी विशेषत: राजनैतिक व्यक्तित्व हुन् । राजनीतिमा प्रजातन्त्र र समाजवादी चिन्तन व्यक्त गर्ने कोइरालाका छवटा उपन्यासमध्ये तीन घुम्तीबाहेक अन्यमा मनोविज्ञानलाई मूल विषय बनाइएको छ ।

यद्यपि तीन घुम्ती उपन्यास उनको राजनीतिक चेतना वा विचारसँग केही हदसम्म मेल खाने रचना हो । सामाजिक विषयवस्तुलाई मूल विषयका रूपमा प्रयोग गरिएको यो उपन्यासमा सामाजिक र राजनीतिक परिवेशले मानव मनमा पार्ने प्रभावबारे गहिरो विश्लेषण गरिएको छ । मानिस सामाजिक प्राणी हो । मानिस स्वतन्त हुन चाहे पनि सामाजिक नीतिनियमले बाँधिएको हुन्छ । यद्यपि समाज गतिशील हुन्छ । व्यक्तिगत चेत, राजनीतिक चेत, लैङ्गिक चेत र वर्गीय चेतले परम्परावादी सामाजिक नीतिनियम तोडेर व्यक्तिगत स्वतन्त्रताका लागि मानिस अगाडि बढ्ने गर्दछ भन्ने चिन्तन तीन घुम्ती उपन्यासमा व्यक्त गरिएको छ । पूर्वकार्यको अध्ययनबाट हालसम्म तीन घुम्ती उपन्यासलाई कथानक, मनोविश्लेषणजस्ता विभिन्न आधारमा अध्ययन गरेको पाइयो । तीन घुम्तीमा व्यक्त वैचारिक चिन्तनबारे अध्ययन गरेको पाइएन । यथास्थितिमा रमाउनु समाज पश्चगमनतर्फ जानु हो । यसका लागि समाजमा विद्यमान वर्गीय चिन्तन, लैङ्गिक चिन्तनको विरोध गर्दै व्यक्ति स्वतन्त्रता आवश्यक हुन्छ भन्ने प्रगतिशील विचारधाराका आधारमा तीन घुम्तीको कतै अध्ययन गरेको पाइएन । यसर्थ यो उपन्यास वैचारिक दृष्टिकोणले कोइरालाका अन्य उपन्यासभन्दा पृथक् रहेकोले यो उपन्यासको छनोट गरी प्रस्तुत उपन्यासमा प्रगतिशीलताको स्वरूप केकस्तो छ भन्ने विषयलाई अनुसन्धान अन्तरालको रूपमा लिएर अध्ययन गरिएको छ । प्राथमिक स्रोतका रूपमा तीन घुम्ती उपन्यासलाई छनोट गरी प्रगतिशील विचारधारा र यसका मान्यताका आधारमा तीन घुम्तीमा व्यक्त विचार र वाक्यांशलाई साक्षीका रूपमा राखी विश्लेषण गरी तीन घुम्तीमा प्रगतिशीलताको स्वरूप पहिचान गर्ने मूल उद्देश्य राखिएको छ । कोइरालाका उपन्यासमा भाग्यवाद, यौन मनोविज्ञान, मिथक मात्र पाइन्छ भन्ने पूर्व धारणा भिन्न तीन घुम्ती उपन्यासमा प्रगतिशीलता पाइन्छ कि पाइदैन भनेर कहिकतै हालसम्म खोजी नगरेको वर्तमान अवस्थामा प्रगतिशीलताको खोजी गर्नु आफैमा औचित्यपूर्ण रहेकोले यो अनुसन्धान कार्य आफैमा नौलो र सार्थक छ ।

## पूर्वकार्यको समीक्षा

आख्यानाकार विश्वेश्वरप्रसाद कोइरालाका छवटा उपन्यासमध्ये तीन घुम्ती उपन्यास वि. सं. २०२५ मा प्रकाशित उपन्यास हो । राजनीति र साहित्यमा महत्त्वपूर्ण योगदान दिएका कोइरालाका बारेमा थुप्रै अध्ययन र अनुसन्धान भएका छन् । उनको तीन घुम्ती उपन्यासका बारेमा पनि थुप्रै चर्चा र परिचर्चा भएका छन् । यो अनुसन्धानात्मक लेखमा तीन घुम्तीलाई प्रगतिशीलताका आधारमा विश्लेषण गर्ने मूल उद्देश्य रहेकाले यहाँ उक्त लेखन कार्यलाई सहयोग पुग्ने पूर्वकार्यलाई मात्र सैद्धान्तिक र प्रायोगिक एवम् विषयगत आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

### सैद्धान्तिक पूर्वकार्यको समीक्षा

प्रस्तुत अनुसन्धानात्मक लेखको मूल उद्देश्य विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासलाई उपन्यासको सिद्धान्त वा अन्य कुनै आधारमा नभएर प्रगतिशीलताका आधारमा विश्लेषण गर्नु रहेको छ । त्यसैले प्रस्तुत अनुसन्धानात्मक लेखको सैद्धान्तिक पर्याधारका रूपमा प्रगतिशील र प्रगतिवादी साहित्यिक सिद्धान्तलाई आधार मानिएको छ । मार्क्सवादी चिन्तनमा आधारित प्रगतिवादी साहित्यिक मान्यतासँग निकट प्रगतिशील साहित्यिक मान्यतालाई आधार मान्दा विभिन्न चिन्तकद्वारा व्यक्त प्रगतिशील साहित्यिक मान्यतालाई यस लेखको मूल सैद्धान्तिक आधार बनाइएको छ । मार्क्सवादी चिन्तक तथा लेखक पिटरका

अनुसार प्रगतिशील लेखन एउटा विचारधारात्मक साहित्यिक धार हो। यसले सामाजिक यथार्थ, अन्याय, शोषण र उत्पीडनविरुद्ध आवाज उठाउँछ। यो कुनै राजनीतिक पार्टीको प्रतिबद्धतामा मात्र सीमित नभई समाज परिवर्तनको अभियानसहितको साहित्यिक चेतना र भूमिकामा आधारित हुन्छ। प्रगतिशील लेखकले आफ्ना भावनालाई सत्य र निष्पक्ष रूपमा प्रस्तुत गर्छ , नक्कलीपनबाट टाढा रहन्छ र समाजका समस्याप्रति संवेदनशील हुन्छ । यस खालको लेखकले पाठकलाई सोच्न बाध्य बनाउँछ, अरूलाई सम्मान गर्छ र अनावश्यक आघात नपुगाएर समाज परिवर्तनमा निरन्तर अगाडि बढिरहन्छ (पिटर,२०८१, पृ.५४) । मार्क्सवादी लेखक तथा विश्लेषक नरेन्द्रजङ्ग पिटरले प्रगतिशील साहित्य र साहित्यकारका बारेमा व्यक्त विचारअनुसार प्रगतिवादी साहित्य मार्क्सवादी दर्शनबाट पूर्ण रूपमा निर्देशित हुन्छ भने प्रगतिशील साहित्य वा साहित्यकार कुनै राजनीतिक मान्यताबाट निर्देशित भन्दा पनि यथास्थिति भिन्न परिवर्तनमुखी र अन्याय र अत्याचार विरुद्ध आवाज बुलन्द गर्ने गर्दछ । प्रगतिवादी मान्यतानुसार साहित्यको उत्पत्ति कसरी हुन्छ भन्नेबारे क्रिस्टोफेर कडवेलले आफ्नो विचार व्यक्त गरेका छन्। कडवेलका अनुसार समाजका सबै तनावको रूप प्रत्यक्षरूपमा कलासाहित्य भएको र मानवजीवन र प्रकृतिका बिचको अन्तहीन सङ्घर्षका क्रममा अन्त:प्रेरणा वातावरणका कारणले कलासाहित्यको उत्पत्ति हुन्छ। साहित्यको आधार र स्वरूप अग्रगामी सामाजिक तनावपूर्ण आवेगलाई उत्पादित गर्ने स्रोत समाज हो । साहित्यको उपज अन्तहीन र क्रमहीन सङ्घर्ष हो, यसरी उत्पन्न साहित्यमा प्रगतिशीलता हुन्छ (कडवेल, ई.१९८१, पृ. २१६)। यसै गरी प्रगतिवादी दर्शनमा द्वन्द्वात्मक भौतिकवादी मान्यताबारे राहुल सांकृत्यायनले आफ्नो विचार व्यक्त गरेका छन्। उनका अनुसार द्वन्द्व र गतिशीलताका कारणले पदार्थमा परिवर्तन आइरहन्छ। पदार्थमा आउने परिवर्तनका क्रममा विरोधीहरूको समागम, गुणात्मक परिवर्तन र निषेधको निषेधजस्ता तीन पक्ष हुन् आउँछन्। विरोधी समागम हुँदा दुई विरोधी व्यक्ति वा वस्तुहरूबिच सङ्घर्ष भएर एकता कायम हुन्छ र यस अवस्थामा नयाँ परिस्थिति, नयाँ स्वभाव र नयाँ गुणको विकास हुन्छ। दोस्रो विषय गुणात्मक परिवर्तन हुँदा मात्रात्मक परिवर्तन मात्र नभएर गुणात्मक परिवर्तन पनि हुन्छ। जसरी पानी र तापको सङ्घर्ष हुँदा पानी बाफमा परिवर्तन हुन्छ, त्यो नै गुणात्मक परिवर्तन हो। तेस्रो पक्ष निषेधको निषेध हुँदा प्रत्येक नयाँ पुस्ताले पुरानो पुस्तालाई नकारिरहेको हुन्छ जसरी बिच्छीका बच्चाले आमालाई खाएर बाहिर निस्कन्छ (सांकृत्यायन,सन् १९८३, पृ. ३५९)। यिनका अनुसार प्रगतिवादी साहित्यमा द्वन्द्व र गतिशीलताका कारणले पदार्थमा आउने परिवर्तनको उल्लेख गरिएको हुनुपर्दछ ।

यसै गरी रामलाल अधिकारीका अनुसार "सुविधाबाट वञ्चित बहुसङ्ख्यक जनताको प्रतिनिधित्व गर्ने प्रगतिवादी कलासाहित्य आत्मगत नभई वस्तुगत हुन्छ र प्रगतिशील तथा प्रगतिवादी साहित्य सामाजिक व्यवहारमा आधारित मूल्यहरूको खोजी गर्ने वास्तविकतामा आधारित हुन्छ" (अधिकारी, २०५६, पृ.९)। रामलाल अधिकारीले मार्क्स, एङ्गेल्स र कडवेलको विचारलाई सारमा उल्लेख गर्दै प्रगतिशील तथा प्रगतिवादी साहित्य समाज सापेक्ष हुनुपर्ने कुरा बताएका छन्। उनका अनुसार वर्गीय पक्षधरता नभएको कलासाहित्य नै हुँदैन। कलासाहित्यले निश्चित रूपमा कुनै एक वर्गको पक्षधरता लिने पर्दछ किनकी समाजमा वर्ग विभक्तता हुँदासम्म कलासाहित्य वर्ग पक्षधरता भिन्न हुनै सक्दैन। प्रगतिवादी वा प्रगतिशील साहित्यले दबिएका वर्गको पक्षधरता लिएको हुनुपर्दछ (अधिकारी, २०५६, पृ.१९) । प्रगतिवादी वा प्रगतिशील साहित्यले फ्रान्सका समाजवादी राजनीतिज्ञ मौसिएब्लमले भने झैँ यौन सम्बन्ध भनेको तिर्खा लागेको समय भेटेको पानीको गिलास उठाएर पिएझैँ भेटेका परपुरुष वा परनारीसँग

यौनसम्पर्क गर्न हुन्छ भन्ने मान्यताको विरोध गर्दै एकनिष्ठ यौनको मान्यतालाई अगाडि सार्दै छाडा यौनको विरोध गर्दछ । लुसुनले भनेझैँ यौन जीवनलाई सुरक्षित राख्न खाना खान परेजस्तै जीवनलाई प्रवाहमान बनाउन कामेच्छाको पूर्ति आवश्यक हुन्छ। सांकृत्यायनले भनेझैँ जीवनमा यौनको पनि स्थान छ र त्यसलाई नकार्दा दोस्रो अतिमा पुगिन्छ तर रोजगारीनै खोज्नु राम्रो होइन भन्ने मान्यतानुसार प्रगतिवादी साहित्यले यौन अपरिहार्य तर एकनिष्ठ यौन हुन आवश्यक ठान्दछ (अधिकारी, २०५६, पृ.२५)। रामप्रसाद ज्ञवालीले प्रगतिशील र प्रगतिवादी साहित्यिक मान्यताबारे व्यक्त गरेको धारणालाई सीता भट्टराईले यसरी व्यक्त गरेकी छिन्, "प्रगतिशील तथा प्रगतिवादी साहित्यका पक्षधर स्रष्टाका रचनाहरूमा श्रमजीवी, गरिब, शोषित वर्गलाई केन्द्रीय पात्रत्व प्रदान गरिएको हुन्छ । यथार्थ जीवनबाट टिपिएका र मानवजीवनका हितका निम्ति सङ्घर्ष गरिरहेका पात्रहरूको जीवनलाई आदर्शीकरण गरी साहित्यमा प्रस्तुत गर्नु यस्ता साहित्यको विशेषता हो" (भट्टराई , २०७७ , पृ. ३९) । प्रस्तुत अनुसन्धानात्मक लेखमा मार्क्सको द्वन्द्वात्मक भौतिकवादी मान्यता, कडवेलको कलासाहित्यको उत्पत्तिसम्बन्धी मान्यता, मार्क्सको यौनसम्बन्धी मान्यता, सांकृत्यायनको द्वन्द्वात्मक भौतिकवादी मान्यता र नेपाली प्रगतिवादी लेखकहरूको प्रगतिवादी तथा प्रगतिशील मान्यता वा सिद्धान्तलाई सैद्धान्तिक पर्याधारका आधार मानेर यसैअनुसार तीन घुम्ती उपन्यासमा प्रगतिशीलताको खोजी गरिएको छ।

## प्रायोगिक र विषयगत पूर्वकार्यको समीक्षा

यो अनुसन्धान कार्य गर्नु अगाडि तीन घुम्ती उपन्यास र विश्वेश्वरप्रसाद कोइरालाका बारेमा थुप्रै अनुसन्धान भएका छन् । तारानाथ शर्माका अनुसार "तीन घुम्तीले पैतालिस बर्से इन्द्रमायाको जीवनका तीन महत्त्वपूर्ण घुम्तीहरूलाई प्राथमिकता दिएको छ । उसले लिएको तीन घुम्ती उसमा रहेको व्यक्ति स्वतन्त्रताको उपज हो । उसको स्वयम् निर्णयबाट उसको जीवनयापन भएको छ" (शर्मा, २०५६, पृ. २०४)। प्रस्तुत पूर्वकार्यले प्रगतिवादी साहित्यिक चिन्तनले कुनै पात्रको व्यक्ति स्वतन्त्रताको वकालत गर्ने र जसले जे कार्य गर्छ उसको परिणाम पनि उस्तै हुन्छ भन्ने मार्क्सवादी चिन्तनको वकालत गर्ने हुँदा यस पूर्वकार्यले तीन घुम्तीमा रहेको व्यक्तिको स्वतन्त्रतालाई बुझ्न सहयोग गर्दछ । यसै गरी काशीराम देवकोटाका अनुसार, " कोइरालाले नेपाली समाजमा घट्ने एवम् घट्नसक्ने घटनाहरूलाई आफ्नो उपन्यासको विषयवस्तु बनाउने र त्यसबाट नेपाली समाजका लागि एउटा सन्देश दिन सफल भएका छन्। उक्त कुरा तीन घुम्तीमा समाजको एउटा तगारो, बाबुआमाको तगारो, आफ्नो यौन चाहना अर्को तगारोलाई एकै स्थानमा संयोजन हुन नसक्दा परिवार र समाजमा एवम् स्वयम् व्यक्तिमा कस्तो प्रभाव पर्दछ भन्ने कुरालाई बेजोड प्रस्तुत गरिएको छ" (देवकोटा, २०६५, पृ. १९४) । यस पूर्वकार्यमा साहित्य समाजको उपज हो र समाजले व्यक्ति र व्यक्तिले समाजलाई प्रभाव पर्दछ भन्ने आशयको विचार व्यक्त गरिएकाले तीन घुम्तीमा प्रगतिशीलताको खोजी गर्न यो पूर्वकार्य सहयोगी बनेको छ । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलका अनुसार "कोइरालाले आफ्नो आख्यानमा द्वन्द्वलाई मूल आधार मानेका हुन्छन् । उनले आफ्नो आख्यानमा अभिजात्य वर्ग र निम्न गरी दुवै वर्गका पात्रहरूको प्रयोग गरेका हुन्छन्। यौनलाई छाडा रूपमा नभएर शिष्ट र मर्यादित रूपमा चित्रण गर्छन्" (शर्मा र अन्य, २०५५, पृ. २२-२३ )। प्रस्तुत पूर्वकार्यमा कोइरालाको यौन दृष्टिकोण र पात्र प्रयोगसम्बन्धी अवधारणा बुझ्न सहयोग पुग्ने हुँदा यस अनुसन्धानात्मक लेखका लागि यो सहयोगी बनेको छ।

वि.पि.ले आफ्ना आख्यानहरूमा व्यक्ति स्वतन्त्रता, देहवादको समर्थन, वर्तमानप्रति आस्था र भविष्यप्रति आशा देखाई स्वतन्त्रता र क्रान्तिको सन्देश फैलाउनु थियो ।...नेपालको प्रजातन्त्रको बहालीका निम्ति आम जमातको आवश्यकता थियो, जुन राजनीतिबाट मात्र सभव थिएन यसर्थ उनले साहित्यका माध्यमबाट यी कुराको चेतना फैलाउने क्रान्तिकारी कदम चाले (पौड्याल, सन् २०२४ , पृ. ५८)।

प्रस्तुत अनुसन्धानात्मक लेखमा मार्क्सको द्वन्द्वात्मक भौतिकवादी मान्यता, कडवेलको कलासाहित्यको उत्पत्तिसम्बन्धी मान्यता, मार्क्सको यौनसम्बन्धी मान्यता, सांकृत्यायनको द्वन्द्वात्मक भौतिकवादी मान्यता र नेपाली प्रगतिवादी लेखकहरूको प्रगतिवादी तथा प्रगतिशील मान्यता वा सिद्धान्तलाई सैद्धान्तिक पर्याधारका आधार मानेर यसैअनुसार तीन घुम्ती उपन्यासमा प्रगतिशीलताको खोजी गर्नु मूल उद्देश्य रहेकाले प्रायोगिक एवम् विषयगत पूर्वकार्यको समीक्षा वा अध्ययन गर्दा यस अगाडि अन्य विषयमा थुप्रै कार्य भए पनि कोइराला र उनको तीन घुम्तीलाई प्रगतिशीलताका आधारमा कतै अध्ययन, अनुसन्धान एवम् खोजी नगरिएकाले तीन घुम्ती उपन्यासमा प्रगतिशील चिन्तनको स्वरूप केकस्तो छ भन्ने मूल समस्या यो अनुसन्धानको (रिसर्च ग्याप) एक नवीन अन्तराल रहेको छ ।

## अनुसन्धानको समस्याकथन

विश्वेश्वरप्रसाद कोइराला नेपाली आख्यान साहित्यमा मनोविज्ञान भित्र्याउने आख्यानकार हुन् । यौन मनोवैज्ञानिकता, मिथकको प्रयोग, चरित्रप्रधानता , मझौला आयामका उपन्यास लेख्नेजस्ता उनका प्रवृत्ति रहेको विषय पूर्वकार्यको समीक्षाबाट प्राप्त भएको छ । तर हालसम्म कोइरालाको तीन घुम्ती उपन्यासको मूल विषय नै उठान गरेको पाइएको छैन । तीन घुम्ती उपन्यासमा प्रगतिशील चेत छ कि छैन? कोइरालालाई तीन घुम्ती उपन्यासका आधारमा प्रगतिशील उपन्यासकार हुन् को होइनन् भन्ने गम्भीर जिज्ञासा रहेको छ। यो अनुसन्धानात्मक लेख निम्न मूल समस्यामा केन्द्रित रहेको छ :

विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासमा प्रगतिशीलताको स्वरूप केकस्तो छ ?

## अनुसन्धानको उद्देश्य

यो अनुसन्धानात्मक लेखको मूल उद्देश्य निम्न रहेको छ :

विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासमा प्रगतिशीलताको स्वरूप पहिचान गरी विश्लेषण गर्नु ।

## अनुसन्धान विधि

यस अनुसन्धान कार्य सम्पन्न गर्नका लागि आधारभूत रूपमा निम्न लिखित अनुसन्धान विधि अपनाइएको छ :

### अनुसन्धानको ढाँचा

यो अनुसन्धान कार्य गुणात्मक ढाँचाको रहेको छ । प्रगतिशील विचारधाराका आधारमा तीन घुम्ती उपन्यासमा प्रगतिशीलताको स्वरूपबारे खोजी गरिएको छ । उपन्यासमा रहेका प्रगतिशील मान्यता पुष्टि

गर्ने तथ्यलाई प्रमाणका रूपमा उल्लेख गरी उदाहरण दिएर आगमनात्मक विधिबाट तथ्यलाई प्रमाणका रूपमा उल्लेख गरी तर्क, विश्लेषण गरेर खुला अन्त्य खालको निष्कर्ष निकालिएको छ ।

## सहभागी र नमुना छनोट

नेपाली साहित्यको आख्यान विधामा कलम चलाउने थुप्रै आख्यानकारहरू छन् । तीमध्ये विश्वेश्वरप्रसाद कोइराला र उनका छ वटा उपन्यासलाई जनसङ्ख्या वा सहभागीका रूपमा लिइएको छ । सम्भावनायुक्त उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी तीन घुम्ती उपन्यास छनोट गरी त्यसमा पनि प्रगतिशीलताको स्वरूप मात्र पहिल्याउने गरी नमुनाका रूपमा छनोट गरिएको छ ।

## तथ्य सङ्कलन विधि

प्रस्तुत अनुसन्धान कार्यको समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन गर्न प्राथमिक र द्वितीयक गरी दुई किसिमका स्रोतहरू उपयोग गरिएको छ । यस अध्ययनमा तीन घुम्ती उपन्यासलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ । तीन घुम्तीबारेमा भएका यस कार्यभन्दा पहिलेका समीक्षा, समालोचनामूलक लेखरचना, प्रगतिवादी र प्रगतिशील साहित्यिक मान्यतासम्बन्धी व्यक्त सैद्धान्तिक पुस्तकहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अनुसन्धान कार्य सैद्धान्तिक र कृतिपरक भएकाले पुस्तकालयीय विधिबाट सामग्री वा तथ्य सङ्कलन गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित तथ्यलाई वस्तुपरक विश्लेषण गरी प्रस्तुत अध्ययनलाई तथ्यपरक, अनुसन्धानकेन्द्री र विश्वसनीय बनाइएको छ ।

## तथ्य विश्लेषणको प्रक्रिया र ढाँचा

यस अनुसन्धान कार्य गुणात्मक ढाँचाको अनुसन्धान हो । प्रगतिशील विचारका आधारमा तीन घुम्ती उपन्यासको विश्लेषण गर्नु यस अनुसन्धानको मूल उद्देश्य रहेको छ । यस अनुसन्धानमा तथ्यको विश्लेषण प्रक्रिया र ढाँचाका रूपमा तीन घुम्तीमा व्यक्त प्रगतिशील विचारयुक्त वाक्यांश, घटना आदिलाई साक्षी वा उदाहरणका रूपमा पहिले उल्लेख गरी यी आधारमा तीन घुम्तीमा प्रगतिशील चिन्तन रहेको कुरा विश्लेषण गरी पुष्टि गरिएको छ । पहिले तथ्यलाई राखेर त्यसमा प्रगतिशीलता रहेको कुरा विश्लेषण गरिएकाले आगमनात्मक विधिबाट तथ्यको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । तीन घुम्तीमा प्रगतिशीलता रहेको विश्लेषण गरी पुष्टि गर्दा मूल रूपमा तीन घुम्ती उपन्यासको सघन पठन, सैद्धान्तिक पक्षको अध्ययन गरी तथ्यको व्याख्या, विश्लेषण गर्दै गुणात्मक ढाँचायुक्त निष्कर्ष निकालिएको छ ।

## छलफल र परिणाम

विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यमा विशेषत: आख्यान विधामा सशक्त कलम चलाएका आख्यानकार हुन् । उनका तीन घुम्ती, सुम्निमा, नरेन्द्र दाइ, मोदीआइन, हिटलर र यहुदी र बाबु आमा र छोराजस्ता आधा दर्जन उपन्यास प्रकाशित छन् । कोइरालाको पहिलो उपन्यास तीन घुम्ती (वि.सं.२०२५) अन्य उपन्यासभन्दा फरक उपन्यास हो । यस लेखमा तीन घुम्तीलाई प्रगतिशील चिन्तनका दृष्टिले विश्लेषण गरिएको छ ।

यस उपन्यासकी मुख्य नारी पात्र इन्द्रमाया हुन् । उनकै जीवनवृत्तमा यो उपन्यासको कथावस्तु फनफनी घुमेको छ । इन्द्रमाया नेवारकी छोरी हुन् । उनका प्रेमी पीताम्बर पर्वते बाहुन भएकोले ऊसँग विवाह नगर भनेर आमा र बुवाले व्यक्त गरेको विचार र त्यसको प्रतिकार गर्दा इन्द्रमायाद्वारा व्यक्त भनाइमा प्रगतिशीलता देखिन्छ । आमाले अर्थ बुझेर भनिन् "इन्द्रमाया ! यो कसरी हुन्छ ? ऊ पर्वते बाहुन हामी नेवार वैश्य ।' इन्द्रमायाले भनी, 'तर म अरू कसैसँग खुसी हुन् सक्तैन ।' आमाबाबुहरूले जातिको बाधा देखाएको उसलाई पटक्कै मन परेन" (कोइराला, २०६७, पृ.३) । इन्द्रमाया बाँचेको समाजमा धनी, गरिब, जातीय थिचोमिचो र विभेद रहेको विषय इन्द्रमायाको आमाले व्यक्त गरेका विचारबाट स्पष्ट हुन्छ । बुवाआमाले जात मिल्दैन र पीताम्बर गरिब छ यसर्थ विवाह नगर भनेर छोरी इन्द्रमायालाई अरूसँग विवाह गरिदिने निधो गर्दा सामाजिक मान्यता, बुवाआमाको वर्गीय र जातीय चिन्तनप्रति विद्रोह गरेर पीताम्बरलाई रोजेर इन्द्रमाया भागेर विवाह गरेकी छे ।

यसरी प्रस्तुत तीन घुम्ती उपन्यासकी मुख्य पात्र इन्द्रमायाको पहिलो निर्णय वा मोड तथा घुम्ती भनिने जातभात र वर्गीयता एवम् पितृसत्ताको विरोध गरी नारी स्वतन्त्रताका लागि जुन विद्रोह गरेको देखाइएको छ । तत्कालीन समयको जर्जरतामा पनि जातभात र वर्गीयता एवम् नारी विद्रोहको यो घटना प्रस्तुत गर्नु आफैमा शक्तिशाली प्रगतिशील विचार नै हो । इन्द्रमायालाई विवाह गर्न उनकी आमाले अझ फकाउँदै व्यक्त गरेको विचारले प्रगतिशील विचारलाई अझ बढी पुष्टि गर्ने हुँदा यहाँ उदाहरणका रूपमा उल्लेख गरिएको छ । आमाले फेरि पनि भनिन्, " एउटा अर्को पनि कुरा छ तिमीले बुझ्नु पर्ने ; हामी हौँ राजाका मानिस र समाजमा हाम्रो इज्जत दरबारसँगको हाम्रो पुरानो सम्बन्धले भएको हो । पीताम्बर पार्टीको मानिस, जसलाई दरबार फुटेको आँखाले पनि हेर्न सक्तैन । तिम्रै सुखका निम्ति पनि, उसका प्रति दरबारको त्यस्तो कुभावना छ भने तिम्रै सुखका लागि पनि मैले भन्नु पर्छ कति दिन ऊ बाँच्ला र ?" (कोइराला, २०६७, पृ.६ ) । माथिको वाक्यांशमा व्यक्त विचारअनुसार इन्द्रमायाको परिवार धनी भएको र राजा एवम् खानदानी निकटता भएको तर पीताम्बर गरिब र विद्रोही पार्टीमा लागेको भन्ने कुरा व्यक्त भएको छ । धनीले गरिबलाई दबाउनु पर्छ र पीताम्बरले धनीको विरोध गरेकै कारण सत्ताले देखिनसक्ने भन्ने विचार व्यक्त भएबाट पनि वर्गीय विभेद भएको कुरा प्रष्ट हुन्छ । यसरी वर्गीय विभेद, राजनीतिक विभेदकै विरोधमा पीताम्बर पार्टीमा लागेको र बुवाआमाको दबाब सहेर पनि इन्द्रमायाले पीताम्बरसँग विवाह गराएको देखाउनु वास्तवमा कोइरालामा भएको सशक्त प्रगतिशील चिन्तनको उपज हो जसलाई रविलाल अधिकारीले आफ्नो नेपाली प्रगतिवादी साहित्य नामक पुस्तकमा मार्क्सको प्रगतिवाद र प्रगतिशीलतासम्बन्धी व्यक्त विचार ''प्रगतिवादी वा प्रगतिशील साहित्यले दबित वर्गको पक्षधरता लिएको हुनुपर्दछ" (अधिकारी, २०५६, पृ.१९) भन्ने भनाइले यसलाई सहजै पुष्टि गर्दछ । उपन्यासको पहिलो घुम्तीमा इन्द्रमायाले पितृसत्तावादी सौँच र वर्गीय अन्तर हुँदाहुदै पनि विद्रोह गरेर पीताम्बरसँग विवाह गरेको घटना रहेको पहिलो घुम्तीमा सशक्त प्रगतिशील चिन्तन मुखरित भएको छ ।

उपन्यासको दोस्रो घुम्तीमा व्यक्त विचारमा पनि प्रगतिशीलता पाइन्छ । पीताम्बरका घरमा बसेका पार्टीका सहयोद्धासँग भएका कुरामा पनि क्रान्तिकारी एवम् प्रगतिशील विचार व्यक्त भएका छन् । "दिदी तपाईंलाई राजनीतिका कुरा के थाहा छ र? तानाशाहले हामी तिमीभन्दा कतिकति जनतालाई भय बनाउँछ" (कोइराला, २०६७, पृ.११) । यस भनाइमा पनि मार्क्सले भनेझैं राज्य सत्ताले सधैँ आफ्नो

स्वार्थका लागि जनतामा भय उत्पन्न गराउँछ यसर्थ यसका विरुद्ध क्रान्तिकारीहरू सचेत बनी राज्यसत्ताका विरुद्ध धावा बोल्नु पर्दछ (ज्ञवाली , २०६९ , पृ.२५) भन्ने विचारको पुष्टि गर्दछ । राज्यसत्ताको विरुद्धमा पार्टी खोलेर गरिब जनताका मुक्तिका लागि पीताम्बर लडिरहेको हुन्छ तब तत्कालीन राज्यसत्ताले उसलाई र उसका साथीहरूलाई गिरफ्तार गर्दछ । एक त गरिब त्यसमा पनि पीताम्बरको गिरफ्तारीपछि इन्द्रमायालाई साँझ बिहान खान पनि धौधौ पर्दछ । यसै सन्दर्भमा व्यक्त विचारले वर्गीयताको भाव सशक्त ढङ्गले मुखरित भएको छ । "सातौँ दिन,त्यो पनि सिद्धियो । घरमा एक पैसा थिएन । ...धन भने पनि नभने पनि मसँग एक जोर कानका पातला मुन्द्रा थिए । त्ययी लगेर पसलकी बुढीसँग सुन राखेर च्युरा र आलु दिनुस भन्दा बुढीले जबसम्म सकूँला तबसम्म दिन्छु । पीताम्बरहरू पनि त हामीजस्तै गरिबहरूका लागि लडेका हुन् नि ? हाम्रै लागि ट समातिएका हुन्" (कोइराला, २०६७, पृ.३०-३१) । यस भनाइमा पीताम्बर जेल परेपछि उसकी श्रीमती इन्द्रमायासँग खानका लागि घरमा केही नहुनु, सम्पत्तिका नाममा कानमा लगाउने एक जोर मुन्द्रा हुनु, बुढी पसल्नीले पीताम्बर आफूजस्तै गरिबका लागि लडेको र राज्यसत्ताले गिरफ्तार गरे पनि गरिबको मुक्तिका लागि लडेको हो भनेर क्रान्तिकारीकी श्रीमती इन्द्रमायालाई सहयोग गर्नु आदि वर्गीयताको चरम विभेद र त्यसकै विरुद्ध लडाइँ गरेको विषय उद्घाटन गर्नु प्रगतिशील विचार र मार्क्सको द्वन्द्वात्मक भौतिकवादी चिन्तन हो । समाजमा दुई वर्ग हुन्छ र ती दुई वर्गबिच सधैँ द्वन्द्व हुन्छ ।

गरिब वर्ग र धनी वर्गबिचको द्वन्द्वबाट समाजको निर्माण भएको हुन्छ भन्ने मार्क्सवादी चिन्तन यस भनाइमा रहेकाले तीन घुम्तीमा प्रगतिशीलता छ भन्ने सहजै पुष्टि हुन्छ । दोस्रो घुम्ती वा मोडको रूपमा रहेको पीताम्बर गिरफ्तार भएका समय पीताम्बरसँग एकनिष्ठ यौन व्यवहार गरेकी इन्द्रमायामा पीताम्बरबाट आफू आमा बन्नका लागि यौन कार्य हुन नसकेको अवस्थामा रमेशसँग यौन सम्बन्ध राखेको घटनालाई लिइएको छ । कोइरालाले यस उपन्यासमा थकित पीताम्बरले धेरै समयपछि भेट्दा पनि कामातुर इन्द्रमायालाई सम्भोग नगरेको देखाउँदा पीताम्बरसँग कहिल्यै यौन क्रिया नभएको वा थकित समयमा मात्र नभएको भन्ने खुलस्त गरेका छैनन् । यद्यपि इन्द्रमायाको आमा बन्ने सपना पीताम्बरले पूरा गर्न नसकेको भन्ने भाव व्यक्त गरेअनुसार पीताम्बरमा यौन क्षमता नभएको वा त्यसलाई प्राथमिकतामा नराखेको भन्ने अर्थ लगाउन सकिन्छ । जेहोस् मार्क्सवादी सिद्धान्त अनुसार यौनका बारेमा छाडा यौन नभएर एकनिष्ठ यौन नै मार्क्सवादी यौन मान्यता हो । यहाँ पनि इन्द्रमायाले आफूलाई वेश्यावृत्ति गर्ने, यौनको उत्कण्ठा भएर रमेशसँग यौन कार्य गरेको पटक्कै होइन । रमेशसँग यौन सम्बन्ध गर्ने समय पनि घण्टा होइन दिन होइन महिनौँ उसको मनमा के गरूँ के नगरूँ भन्ने द्वन्द्वको चरम रूप देखिएको छ र अन्त्यमा आमा बन्नका लागि वा आमा बन्ने चाहनाले रमेशसँग यौन सम्पर्क गरेकी छे ।

रमेशसँगको उसको यौन सम्बन्धलाई पनि एकनिष्ठ यौन भन्न सक्ने तर्क गर्न सकिन्छ किनकि पीताम्बरसँग विवाह गरे पनि ऊसँग यौन कार्य गरे नगरेको विषय उल्लेख नभएको र रमेशसँग यौन कार्य गरेपछि रमेशको घरमा श्रीमती भएको भन्ने थाहा पाएपछि रमेशलाई घर जा र आफ्नो घर गृहस्थ सम्हाल्न गरेको अनुरोध र रमेशसँग आमा बन्नका लागि यौन कार्य गरे पनि पीताम्बरलाई नै माया गर्ने र पीताम्बरसँग नै बस्न र घरजम गर्न खोज्नु छाडा यौन नभएर आमा बन्ने नारी स्वतन्त्रता एवम् चाहनाको उपज भएकाले यस घुम्ती वा मोड पनि प्रगतिशीलताको बाधक नभएर पक्षपोषण नै हो । अर्को कुरा समाज मात्र होइन यस पृथ्वीमा रहेका हरेक पदार्थ द्वन्द्वबाट निर्माण हुन्छ भन्ने मार्क्सवादी चिन्तन यहाँ बुलन्द देखिन्छ ।

इन्द्रमायाको मनमा भएको द्वन्द्व केवल वैयक्तिक द्वन्द्व मात्र हुँदै होइन नेपाली समाज, पीताम्बर, पितृसत्ता र मनको चरम द्वन्द्वको उदाहरण हो । इन्द्रमायाको यौन एकनिष्ठ हो तर छाडा र वेश्यावृत्ति एवम् अनैतिक नै हो भन्ने आधार छैन भन्ने कुरा ऊद्वारा व्यक्त विचारबाट अझ स्पष्ट हुन्छ, "पीताम्बरलाई प्रेम त म पहिले पनि एकनिष्ठ भएरै गर्थें ; तर अब जुन प्रेमको मलाई अनुभव भइरहेको थियो त्यो पतिप्रेममा सन्तानको पिताको समेत खोजी हुन गएकाले त्यो प्रेम अनौठो, शक्तिसम्पन्न थियो । भारी जीउ लिएर एक्लै कोठामा बसेकी म भन्थे, पीताम्बर ! चाँडो आऊ" (कोइराला,२०६७, पृ. ५५ )। यी विचारमा प्रगतिशीलता छ भन्ने कुरा राहुल सांकृत्यायनको निम्न विचारले पुष्टि गर्दछ । उनका अनुसार द्वन्द्व र गतिशीलताका कारणले पदार्थमा परिवर्तन आइरहन्छ । पदार्थमा आउने परिवर्तनका क्रममा विरोधीहरूको समागम, गुणात्मक परिवर्तन र निषेधको निषेधजस्ता तीन पक्ष हुन् आउँछन् । विरोधी समागम हुँदा दुई विरोधी व्यक्ति वा वस्तुहरूबिच सङ्घर्ष भएर एकता कायम हुन्छ र यस अवस्थामा नयाँ परिस्थिति, नयाँ स्वभाव र नयाँ गुणको विकास हुन्छ । दोस्रो विषय गुणात्मक परिवर्तन हुँदा मात्रात्मक परिवर्तन मात्र नभएर गुणात्मक परिवर्तन पनि हुन्छ । जसरी पानी र तापको सङ्घर्ष हुँदा पानी वाफमा परिवर्तन हुन्छ त्यो नै गुणात्मक परिवर्तन हो । तेस्रो पक्ष निषेधको निषेध हुँदा प्रत्येक नयाँ पुस्ताले पुरानो पुस्तालाई नकारिरहेको हुन्छ जसरी बिच्छीका बच्चाले आमालाई खाएर बाहिर निस्कन्छ (सांकृत्यायन,सन् १९८३, पृ. ३५९) ।

मार्क्सवादी विचारधारामा आधारित प्रगतिवादी एवम् प्रगतिशील चिन्तनअनसार यौनका विषयमा एकनिष्ठ यौनको कुरा गरेको पाइन्छ । यस उपन्यासमा पनि पहिलो कुरा इन्द्रमायाले रमेशसँग यौन सम्बन्ध कायम गरेको केवल यौन प्यास मेटाउनका लागि र एकै पटकमा उसलाई शरीर सुम्पेको किमार्थ होइन । महिनौँ मनोद्वन्द्व पश्चात् सहभाव भएको हो र अर्को कुरा पीताम्बरले नारीको आमा बन्ने दृढ इच्छा शक्तिमाथि कुठाराघात गरेकै कारण केवल मातृत्वका लागि यौन सम्बन्ध गरेकाले यहाँ मार्क्सवादी दर्शनको यौनसम्बन्धी दृष्टिकोण एकनिष्ठ यौनको वर्खिलापमा छैन बरू नारी विद्रोहका रूपमा आएकाले या घुम्तीमा पनि प्रगतिशीलता नै छ । इन्द्रमायाको विद्रोहमूलक विचारलाई साक्ष्यका रूपमा यहाँ उल्लेख गर्दा अझ तर्कयुक्त र प्रामाणिक हुन्छ । " के ऊ प्रेमिका, पत्नी  र माताको पदबाट आफूलाई झारेर केवल एउटा परान्नभोजी दासीमा परिणत हुने हो र ? त्यस स्थितिमा जीवनको अर्थ नै नाश भएर जान्छ । उसले गरेको समाजत्यागको के अर्थ ?(कोइराला. २०६७, पृ. ६६) । यस विचारबाट पनि पुरुषको दासत्व हुनु जीवन होइन । यसका लागि विद्रोह गर्नुपर्छ भन्ने उक्त इन्द्रमायाको भनाइबाट यस उपन्यासमा प्रगतिशीलता रहेको पुष्टि हुन्छ ।

उपन्यासको तेस्रो घुम्तीका रूपमा रहेको इन्द्रमायालाई पीताम्बरले बारम्बार प्रताडित गरेपछि छोरी छोडेर पीताम्बरसँग बस्ने कि पिताम्बर छोडेर छोरी लगेर बस्ने भन्ने निर्णय आएको छ । यस घुम्ती वा निर्णयमा पनि इन्द्रमायामा अत्यधिक द्वन्द्व रहेको छ । मानव, समाजमात्र होइन संसार नै द्वन्द्वको उपज हो भन्ने मार्क्सवादी चिन्तन यस अर्थमा पनि लागु भएको छ । इन्द्रमायाको तेस्रो निर्णय केवल इन्द्रमायाको मात्र मनोद्वन्द्व नभएर मातृत्व र पतित्व, सुख र दुःख, प्रगतिशील सामाजिक चिन्तन र यथास्थितिवादी समाज, मातृसत्ता र पितृसताबिचको टड्कारो द्वन्द्व हो । यो चरम द्वन्द्व वा वादप्रतिवादको उपज हो । अन्तत: मातृत्व, गरिब, सङ्घर्ष र मातृसत्ताको जीतस्वरूप इन्द्रमायाले छोरीलाई रोजेको घटना देखाउनु पनि प्रगतिशील विचार हो । कोइरालाको समय वा २०२५ तिरको समाज र सामाजिक चेतनाका समयमा पनि

यस खालको इन्द्रमायाको विद्रोह हुनु योभन्दा प्रगतिशील चिन्तनको प्रमाण अरू के हुन सक्छ ? यो मात्र होइन उपन्यासको अन्त्यमा इन्द्रमायाको छोरीको विवाह प्रसङ्गमा देखिएको घटना झन् प्रगतिशीलताको चरम रूप हो । "उक्लिखेरै रमा र एउटा युवकले कोठामा प्रवेश गरे । रमा बडो प्रसन्न थिई ; उसले भनी, " आयौँ आमा ! यिनै ... ... ।" त्यति भनी सहज लज्जाले वाक्यलाई पूरा नगरेरै उसले आँखा तल झारी । इन्द्रमायाले छोरीलाई हेरी । उसलाई लाग्यो ठिक यसै उमेरमा ऊ पनि माइती छोडेर पीताम्बरकहाँ गएकी हो" (कोइराला, २०६७, पृ.७४) । त्यो समयमा मागेर विवाह, दौलतीय बडप्पनसँग विवाह गर्ने चलन भएको समय इन्द्रमायाले आफ्नी छोरीले मन पराएको केटो लिएर घरमा आउँदा सहजै स्वीकार गरी आजबाट तिमीहरू विवाह बन्धनमा बाँधियौ भनेर गरिएको विवाह प्रगतिशील विवाह नै हो ।

विश्वेश्वरप्रसाद कोइराला राजनीतिक व्यक्तित्वका साथै साहित्यिक व्यक्तित्व हुन् । राजनीतिमा प्रजातान्त्रिक समाजवाद र साहित्यमा यौन मनोविज्ञानका पक्षपाती हुन् । उनका हरेक आख्यानमा मनोविज्ञान रहेको स्पष्ट छ नै । यिनका आधा दर्जन उपन्यासभन्दा भिन्न तीन घुम्तीमा प्रगतिशील चिन्तन छ भन्ने कुरा वस्तुगत नै हो । हो, प्रगतिवादी साहित्य र साहित्यकार हुनका लागि लेखक स्वयम् मार्क्सवादी र साहित्यमा मार्क्सको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी चिन्तन र मार्क्सवादी चिन्तनले अपेक्षा गरेको साहित्यिक विचारधारा अवलम्वन गरिएको हुनुपर्दछ भन्ने मान्यता रहेको छ । यस आधारमा कोइराला प्रगतिवादी साहित्यकार होइनन् तर पनि तीन घुम्ती उपन्यासमा प्रगतिशीलता छ भन्नु वस्तुगत विश्लेषण नै हो । उपन्यासका एक एक वाक्यांशमा प्रगतिशीलता छैन तर जुन मुख्य तीनवटा घुम्ती छन् त्यसमा प्रगतिशीलता छ । पहिलो घुम्तीका रूपमा रहेको इन्द्रमायाले माइतीको विरोध र सल्लाहबिना पीताम्बरलाई रोज्नु रहेको छ । तत्कालीन समयमा बुवाआमाले जोसँग विवाह गर्ने निधो गर्यो त्यसैसँग अनिवार्य विवाह गर्नु पर्ने चलन थियो । इन्द्रमायाले बुवाआमाले ऊ बाहुन भएको तर आफूहरू नेवार भएकाले जात नमिल्ने, ऊ गरिब रहेकाले इन्द्रमायाले डु:ख पाउने हुँदा आफूहरू जस्तै धनीसँग मात्र विवाह गर्ने अडान लिएका छन् । बुवाआमाको अडानका बाबजुत पनि इन्द्रमायाले वर्गीयता, जातीयता र छोरीको मन भिन्न जबर्जस्त विवाह गरिदिने सामाजिक गलत चलनका विरुद्ध भागेर पीताम्बरलाई रोज्नु प्रगतिशील कार्य हो । यसर्थ कोइरालाले तीन घुम्तीको पहिलो मोड वा घुम्तीमा देखाएको घटनामा प्रगतिशील चिन्तन देखिन्छ । अर्को कुरा पीताम्बर तत्कालीन निरङ्कुश शासनका विरुद्ध सङ्गठित भएर पार्टीमा लाग्नु, देश र जनताका लागि लड्दै गर्दा गिरफ्तार हुनु, पीताम्बर गिरफ्तार हुँदा इन्द्रमायाको घरमा खानेकुरा नहुँदा पसल्नी बुढीले पीताम्बर पनि आफूहरूझैँ गरिबका लागि लडेको हो त्यसैले अहिले लगेर खाऊ भनेर इन्द्रमायालाई सहयोग गरेको घटनामा पनि प्रगतिशील विचार मुखरित भएको छ ।

शासकका विरुद्ध पीताम्बर लड्नु र उसकी श्रीमतीको खाने चामलसमेत नहुने घटनामा वर्गीयता बोलेको छ । वर्गीयताको वकालत गर्नु मार्क्सवादी दृष्टिकोणले पनि प्रगतिशील नै हो । त्यसै गरी तेस्रो मोडका रूपमा इन्द्रमायाले पीताम्बरको पितृसत्तावादी हैकमलाई छोडेर मातृत्व र महिला अधिकारको आवाज बुलन्द गर्दै घर त्यागेर छोरी मात्र लगेर विद्रोह गर्नु पनि प्रगतिशीलताको उच्च द्योतक हो । नारी स्वतन्त्रता, दबित वर्गको विद्रोह देखाउनु पनि प्रगतिशीलता नै हो । कथावस्तुको अन्त्य इन्द्रमायाले आफ्नी छोरीको विवाह गर्दा उसकी आमाबुवाले जस्तै इन्कार नगरेर सजिलै छोरीले मन पराएको केटासँग विवाह गर्न स्वीकारेर आशीर्वाद दिनु आफैमा प्रगतिशील विवाह र इन्द्रमायाको बुवाआमाजस्तो नभएर आधुनिकतातर्फ गएको देखाउनु पनि परिवर्तन र प्रगतिशीलताको ज्वलन्त उदाहरण हो । तीन घुम्ती उपन्यासमा प्रयुक्त हरेक

वाक्य वाक्यमा मार्क्सवादी दृष्टिकोण नभए पनि यस उपन्यासमा देखाउन खोजिएको तीन घुम्ती र उपन्यासको प्रारम्भको चिन्तन क्रमश; उपन्यासको अन्त्यमा जाँदा परिवर्तित भएकाले पनि यो उपन्यासमा प्रगतिशील चिन्तन रहेको छ भन्नुमा वस्तुगत आधारहरू छन्।

## निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाका छवटा उपन्यासमध्ये तीन घुम्ती पहिलो उपन्यास हो। कोइराला विशेषत: यौन मनोविज्ञानलाई आधार मानेर आख्यान रचना गर्ने आख्यानकार हुन्। यद्यपि तीन घुम्ती उपन्यासमा यौन मनोविज्ञानका कुरा भए पनि त्यो भन्दा भिन्न उच्च प्रगतिशील विचार पक्ष पनि रहेको उपन्यास हो। सतही विश्लेषणमा यौन र मनोविज्ञान देखिए पनि हालसम्म उनको यो उपन्यासलाई प्रगतिशील पक्षका दृष्टिले विश्लेषण नभएकाले यसैलाई मूल समस्या मानेर यो अनुसन्धान कार्य गरिएको छ। उद्देश्यमूलक नमुना छनोट विधिबाट तीन घुम्तीको छनोट गरी पाठको सघन पठन गरी प्रगतिशील विचारका आधारमा तीन घुम्ती उपन्यासको विश्लेषण गरी निष्कर्ष निकालिएको छ। उपन्यासमा व्यक्त प्रगतिशील विचारधारालाई पुष्टि गर्ने वाक्यांश र प्रसङ्गहरूलाई साक्षीका रूपमा उल्लेख गरी प्रगतिशील सिद्धान्तको कसीमा राखेर विश्लेषण गरिएको छ। तीन घुम्तीमा पहिलो मोड वा घुम्तीका रूपमा आएको इन्द्रमायाले तत्कालीन समाज, वर्ग र जातीय मान्यताको विरोध गरी विद्रोह गरेर पीताम्बरसँग विवाह गर्नु प्रगतिशील पक्ष हो भन्ने विश्लेषण गरिएको छ। यसैगरी पीताम्बर तत्कालीन सामन्ती शासन तथा राज्यसत्ताका विरुद्ध भूमिगत पार्टी बनाएर विद्रोहका लागि लड्नु पनि वर्गीय विद्रोह हो। राज्यका विरुद्ध आवाज उठाउदा गिरफ्तारमा पर्नु, पीताम्बर गिरफ्तार परेको समय पसल्नी बुढीले इन्द्रमायालाई घरमा खानेकुरा नहुँदा पीताम्बर आफूहरूजस्तै गरिबका लागि लडेको हुँदा खानेकुराको सहयोग गरेको घटना पनि वर्गीय चिन्तन हो। इन्द्रमाया नारी भएकै कारण पुरुषले जे भने पनि हुने र आफ्नो आमा बन्ने चाहना पूरा नभएका कारण विद्रोह गरेर रमेशसँग सहवास गर्नु, पीताम्बर जेलबाट घर आएपछि पनि रमेशसँगको यौन सम्बन्ध वेश्यावृत्ति नभएर आमा बन्ने चाहनास्वरूप भएको हो जुन एउटा नारीको अधिकार हो भनेर वकालत गर्नु पनि नारे विद्रोह र नारी स्वतन्त्रता र मुक्तिको आवाज हो। रमेशलाई आफ्नै घरकी श्रीमतीलाई माया र हेरचाह गर्न इन्द्रमायाले सल्लाह दिनु आदि घटनामा मार्क्सवादी दृष्टिकोण अनुसार एकनिष्ठ यौनको विरुद्ध भएझैँ मानिए पनि गहन रूपमा विश्लेषण गर्दा यो एकनिष्ठ प्रेम विरुद्ध नभएर नारी हक र अधिकारको विषय बढी मुखरित भएकाले मार्क्सवादी दृष्टिकोणमा पनि यी घटना प्रगतिशील नै छन्। यसै गरी तेस्रो घुम्तीका रूपमा आएको इन्द्रमायाको गृह त्यागको निर्णय पनि पुरुषबिना महिलाले केही गर्न सक्दैन भन्ने चिन्तनको विरुद्धमा आएको सशक्त मार्क्सवादी विचार हो। घर त्याग गरेपछि आफ्नी छोरी रमालाई हुर्काएर ठुलो गराएपछि उसले मन पराएको केटोसँग सजिलै विवाह गरिदिनु पनि त्यस समय इन्द्रमायाको बुवाआमाले इन्द्रमायालाई पीताम्बरसँग विवाह गर्न नदिएको घटना भन्दा नितान्त प्रगतिशील विषय हो। तीन घुम्ती उपन्यासमा घटित इन्द्रमायाका तीनघुम्तीमा प्रगतिशील चिन्तन सशक्त रहेको छ।

कोइरालाका अन्य उपन्यासभन्दा भिन्न यो तीन घुम्ती उपन्यासमा प्रगतिशील विचार छ भनेर पाठमा व्यक्त घटना, विचारका आधारमा पुष्टि गरिएको छ। कोइरालालाई यौन मनोविश्लेशानका आधारमा मात्रे हेरिने हालसम्मको अध्ययन भन्दा भिन्न प्रगतिशील उपन्यासकार भनेर नवीन तथ्य पता लागाइएको

यो अनुसन्धान नितान्त नौलो र अध्येता एवम् पाठकका लागि नौलो विषय आस्वादन गर्नका लागि समेत औचित्यपूर्ण छ।

**कृतज्ञता ज्ञापन**

प्रस्तुत लेख तयार गर्न उत्प्रेरणा दिने आफन्तजन र शुभचिन्तकप्रति ऋणी छु । लेख तयार गर्दा सन्दर्भसामग्रीका रूपमा प्रयोग गरिएका लेखरचना र पुस्तकका लेखकहरू तथा लेख प्रकाशित गर्न मेरो लेखलाई विज्ञका रूपमा सल्लाह दिई परिमार्जन गर्न सहयोग गर्ने विज्ञज्यूहरू, अनुसन्धान समितिका सम्पूर्ण व्यक्तित्वहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

**सन्दर्भहरू**

अधिकारी, रविलाल. (२०५६). *प्रगतिवादी नेपाली समालोचना.* लेकाली प्रकाशन।

एटम, नेत्र. (२०६१). *समालोचनाको स्वरूप.* साझा प्रकाशन।

कडवेल, क्रिस्टोफर.(ई.१९८१). *इल्युजन एन्ड रियालिटी.* पिपुल्स पब्लिसिङ्ग हाउस।

कोइराला, विश्वेश्वरप्रसाद. (२०६७). *तीन* घुम्ती (दसौं संस्क.). साझा प्रकाशन।

घोडासैनी, खगेन्द्र. (२०७९). एपिए सातौँ संस्करणका प्रावधानहरू. हैमप्रभा २१. ४२-५९

https://doi.org/10.3126/haimaprabha.v21i01.44839

पिटर, नरेन्द्रजङ्ग. (२०८२). प्रगतिशील लेखन एक चर्चा. *परिवर्तन* १३. ५३-५८।

पौड्याल, नवीन. (सन् २०२४). *चिन्तन समीक्षण.* नेपाली साहित्य अध्ययन समिति।

भट्टराई, सीता. (२०७७). *रामप्रसाद ज्ञवालीका कविता काव्यमा वर्गद्वन्द्व र समानता.* भुँडीपुराण प्रकाशन।

वली क्षेत्री, खोपीराम. (२०८२). *पूर्वीय र पाश्चात्य एवम् नेपाली समा*लोचना. कोहलपुर वाङ्मे प्रतिष्ठान।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद. (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौ. संस्क). विद्यार्थी

पुस्तक भण्डार।

सांकृत्यायन, राहुल. (ई. १९८१). *वैज्ञानिक भौतिकवाद.* लोकभारती प्रकाशन।

American Psychological Association ( 7nth Edition). (2020). Publication manual: APA.